# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ६/ ०८१/ ०८२ मितिः २०८१/ ०८/ १७

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन

## उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उपप्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |
| सहायक पाचौं, आमन्त्रित | श्री सौजन कटुवाल | उपस्थित |

आज मिति २०८१ साल मंसिर १७ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बै.सं. ६/०८१/०८२ को बैठकबाट निम्न बमोजिमका प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मत रुपमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

१. **समिक्षा ।**

**क.** अघिल्लो कार्यपालिकाको बैठकको निर्णय तथा सोको कार्यान्वयन एवं नगरपालिकाको सेवा प्रवाह तथा योजना सञ्चालनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

**ख.** यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम अन्तर्गत उपभोक्ताहरुसँगको लागत साझेदारीमा विकास निर्माणका आयोजना सञ्चालनक लागि विनियोजन भएको बजेटबाट सञ्चालन हुने आयोजना छनौटका लागि नगर कार्यपालिकाको कार्यालयबाट यही मंसिर मसान्तसम्मको म्याद दिई सम्बन्धित उपभोक्ताहरुसँग लागत साझेदारीको प्रस्ताव माग गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

२. **सडक बोर्ड नेपालसँगको लागत साझेदारीमा सञ्चालन हुने आयोजना छनौट सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** नेपाल सरकार, सडक बोर्ड नेपालबाट चालु आर्थिक वर्ष २०८१/०८२ मा स्थानीय सडक मर्मत सम्भार कार्यका लागि व.उ.शि.नं. ३३७३१०११३ अन्तर्गत यस अर्जुनधारा नगरपालिकाको सडक मर्मत सम्भार कार्यका लागि रु ५१,००,०००/- (रु एकाउन्न लाख मात्र ) बजेट स्वीकृत भई बोर्डबाट स्वीकृत बजेट र यस नगरपालिकाले व्यहोर्नुपर्ने समपरक कोष समेत समावेश गरी कार्यक्रम स्वीकृत गरी सहमतिका लागि पठाउन सडक बोर्ड नेपालको च.नं. ४४० मिति २०८१/०६/१३ गतेको पत्रबाट अनुरोध भई आएकाले उक्त बजेटबाट सञ्चालन हुने आयोजना छनौटका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** उक्त प्रस्ताव माथी छलफल गर्दा अर्जुनधारा नगरपालिका वडा नं ९ स्थित **मिलन चौकबाट कालिस्थान सम्म जाने कालोपत्रे सडक** जीर्ण भई मर्मत सम्भार गर्नुपर्ने देखिएको हुँदा उक्त आयोजनाका लागि नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने ३० प्रतिशत लागत साझेदारीको रकम नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को समपुरक कोषबाट विनियोजन गरी कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रक्रिया अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ३ चारपाने- हात्तीकिल्ला सडकको मापदण्ड संशोधन सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** पूर्वपश्चिम लोकमार्ग अन्तर्गत झापा जिल्ला, विर्तामोड नगरपालिका वडा नं २ चारपानेबाट अर्जुनधारा नगरपालिका वडा नं ५ हुँदै अर्जुनधारा नगरपालिका वडा नं ७ को वडा कार्यालय-नारायणचौक हुँदै अर्जुनधारा नगरपालिका वडा नं ८ हात्तिकिल्ला जोड्ने सडकको मापदण्ड साविकको जिल्ला विकास समितिको कार्यालयबाट १०५ फिट चौडाई कायम भएकोमा उक्त मापदण्ड अनुसारको सडक क्षेत्र खाली गर्दा त्यस क्षेत्रमा पर्ने करिब ३०० घर परिवार विस्थापित हुने देखिएको, त्यस क्षेत्रको उर्वर खेतीयोग्य जमिन समेतमा ठुलो क्षति हुने र स्थानीय परिवेश बमोजिम ग्रामिण क्षेत्रमा उक्त मापदण्ड व्यवहारिक समेत नदेखिएकाले मापदण्ड पुनरावलोकन गर्ने व्यवस्थाका लागि त्यस क्षेत्रका स्थानीयहरुको  समेत संयुक्त निवेदन प्राप्त भई सम्बन्धित अर्जुनधारा नगरपालिकाको वडा नं ५, ७  र ८ को वडा कार्यालयबाट सिफारिस भई छलफलका लागि नगर कार्यपालिकाको बैठकमा पेश भएको ।

**निर्णयको व्यहोराः** अर्जुनधारा नगरपालिका वडा नं ५, ७ र ८ का स्थानीय वासीहरुको संयुक्त ज्ञापन पत्र तथा सम्बन्धित वडा कार्यालयहरुको सिफारिस पत्र उपर नगर कार्यपालिकाको बैठकमा छलफल हुँदा स्थानीय वासीहरुबाट उक्त चारपाने-नारायणचौक-हात्तिकिल्ला सडकको मापदण्ड अत्यन्तै अव्यवहारिक भएकाले पुनरावलोकन गरिदिनका लागि लामो समयदेखि माग हुँदै आएकोमा उक्त सडकको मापदण्ड पुनरावलोकन गर्नुपर्ने आवश्यकता समेत देखिएको, सो सडकको मापदण्ड साविक जिल्ला विकास समितिको कार्यालयबाट निर्धारण भएकाले सो सडकको मापदण्ड पुनरावलोकन गरी **४६ फिट** कायम गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं ४ घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र जारी सम्बन्धमा ।**

**प्रस्तावको व्यहोरा:** यस अर्जुनधारा नगरपालिकाको "घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५" अनुसार घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र लिन इच्छुक भई इजाजतपत्र पाउनका लागि देहाय बमोजिमका निर्माण व्यवसायीहरुको निवेदन दिएकोमा नगर कार्यपालिकाको कार्यालयको प्राविधिक शाखाबाट कार्यविधिमा तोकिए बमोजिमको मापदण्ड पुरा गरेको भनी सिफारिस सहित इजाजतपत्र जारी गर्नका लागि कार्यविधिको दफा ३ बमोजिम नगर कार्यपालिकाको बैठकमा निर्णयार्थ बैठकमा पेश भएको ।

| सि.नं. | फर्मको नाम | ठेगाना | प्रोपाइटरको नाम |
|---|---|---|---|
| १ | जयश्री राम निर्माण सेवा | अर्जुनधारा-५ | जीवन उप्रेती / राजकुमार बराकोटी |
| २ | एल.एम.ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि. | अर्जुनधारा-५ | लोकबन्धु कार्की |

**निर्णयको व्यहोरा:** उक्त प्रस्ताव माथी छलफल हुँदा अर्जुनधारा नगरपालिकाको **घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५** बमोजिम तोकिएको मापदण्ड पुरा भई प्राविधिक सिफारिस प्राप्त भएका माथिको प्रस्तावमा उल्लेखित फर्महरुलाई प्रचलित कानून बमोजिम तोकिए बमोजिमको कार्य गर्न घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र जारी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ अ.ल्या. रकमको विनियोजन सम्बन्धमा ।**

**प्रस्तावको व्यहोरा:** यस अर्जुनधारा नगरपालिकाको गत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक विनियोजनबाट खर्च नभई सञ्चित कोष खातामा रु४,६२,००,०००/- रकम बाँकी रहेको र चालु आर्थिक वर्षको आयको अनुमान गर्दा गत वर्षको मौज्दातलाई आयमा गणना नगरिएको हुँदा उक्त रकमबाट गत आर्थिक वर्षमा नै कार्यक्रम स्वीकृत भएका तर योजना सम्पन्न नभई चालु आर्थिक वर्षमा समेत सञ्चालन हुने गरी म्याद थप भएका रु १३३९८९९५/- बराबरका आयोजनाको खर्च भुक्तानीका लागि समेत सोही श्रोतबाट रकम व्यवस्था गर्नुपर्ने देखिएकाले त्यस्ता क्रमागत योजना तथा थप हुने योजना तथा कार्यक्रमका लागि छलफलका लागि प्रस्ताव भएको ।

**निर्णयको व्यहोरा:** यस प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको चालु आर्थिक वर्षको सुरुमा गत आर्थिक वर्ष खर्च नभई मौज्दातमा रहेको (अ.ल्या.) रकमबाट गत आर्थिक वर्षमा योजना स्वीकृत भई चालु आर्थिक वर्षमा म्याद थप भएका र चालु आर्थिक वर्षमा भुक्तानी दायित्व सृजना भएका अनुसुची १ को क मा संलग्न बमोजिमका आयोजनाहरुको भुक्तानीका लागि रु विनियोजन गरी बाँकी रकम रु लाई अनुसुची १ को ख मा सुचिकृत आयोजनाहरुका लागि बजेट विनियोजन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

उल्लेखित निर्णय अनुमोदनका लागि गत आर्थिक वर्षको मौज्दात रकम (अ.ल्या.) लाई आम्दानी तथा अनुसुची १ बमोजिमको आयोजनाहरुको खर्च जनाउने गरी विनियोजन ऐन, २०८१ लाई संशोधन गर्ने प्रस्तावमा समावेश गरी आगामी नगर सभा अधिवेशनमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| **अनुसुची १** | | | |
|---|---|---|---|
| क | गत आर्थिक वर्ष सृजित दायित्व | | |
| **सि.नं.** | **कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम** | **ठेगाना** | **रकम (रु)** |
| १ | शनिश्चरे मावि अर्जुनधारा नपा ८,झापा नमूना माध्यमिक विद्यालय विकास कार्यक्रमको निरन्तरता | अर्जुनधारा-८ | १७११४९० |
| २ | इनार बोरिङ्ग तथा स्यालो ट्युवेल निर्माण | अर्जुनधारा-३ | ४२३३५२ |
| ३ | विस्तृत आयोजना प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय मूल्याङ्कन | अर्जुनधारा- | ७००००० |
| ४ | सार्वजनिक सुनुवाई भिन्न मिडिया एण्ड रिसर्च प्रा लि | दमक-झापा | १५०००० |

| | | | |
|---|---|---|---|
| ५ | मकैको खोस्टा तथा परालबाट सजावट तथा दैनिक उपभोग सामाग्री तालिम | अर्जुनधारा- | १००००० |
| ६ | टाङटिङ दोभान दक्षिण चौरासे पुर्ब तटबन्धन | अर्जुनधारा-२ | ९४०००० |
| ७ | जेष्ठ नागरिक लक्षित कार्यक्रम | अर्जुनधारा-२ | १००००० |
| ८ | ढल्के पिपल ओरालो हुदै त्रिपुरेश्वर मार्ग | अर्जुनधारा-३ | ४९०००० |
| ९ | भिमबहादुर श्रेष्ठको घर देखि महेन्द्र मगरको घर हुदै विमल खड्काको घरसम्म जाने पुरानो बाटो निर्माण (शान्ति मार्ग निर्माण) | अर्जुनधारा-३ | २५९६००० |
| १० | बर्देश्वर शिवालय मन्दिर निर्माण | अर्जुनधारा-३ | ५००००० |
| ११ | युवा महिला लक्षित कार्यक्रम | अर्जुनधारा-४ | २००००० |
| १२ | होडिङ्ग बोर्ड निर्माण | अर्जुनधारा-४ | १५०००० |
| १३ | लक्ष्मीपुर चोक उत्तर गत आ.व.को पेभर्सलाई निरन्तरता | अर्जुनधारा-५ | ६२९१०० |
| १४ | डिएमसी छेउमा स्पर तटबन्धन | अर्जुनधारा-५ | ४००००० |
| १५ | मार्ग स्तरउन्नति तथा मर्मत सम्भार भद्रशिला मार्ग | अर्जुनधारा-५ | २३५००० |
| १६ | जागृति टोल जाने पानी मुहान बांध निर्माण | अर्जुनधारा-९ | ३०००० |
| १७ | जुपिटर स्कुल जाने बाटो प्लम्ब वाल निर्माण | अर्जुनधारा-१० | ५५९००० |
| १८ | सिरिजंघा मार्ग रोड न १ व्लक विच्छ्याउने लुङ्गा चोक | अर्जुनधारा-११ | १३२०००० |
| १९ | आ.ब.०८०.०८१मा जनसहभागिता मार्फत जम्मा भएको रकम संचालित योजना बाकी छुट | | ३९६१५३ |
| २० | अन्तर मा.बि.फुटबल प्रतियोगीता कार्यक्रम | | ३००००० |
| २१ | कानुनी परामर्स सेवा आ.ब.०८०.०८१को पालिकाको कानुनी ब्यवस्थापनमा सेवा खर्च अधिवक्ता चित्र ब.थापा मगर | | २१६१०० |
| २२ | सरसफाइ कार्यक्रममा सेवा शुल्क राजश्व उठाउन उत्प्रेरणा खाजा खर्च | | ५२८०० |
| २३ | वडा न ३ तटबन्धन कार्यक्रम सुखानी दोभान टाङटिङ खोला तटबन्धन उ.स.लाइ | अर्जुनधारा-३ | ९००००० |
| २४ | स्थानीय पाठ्यक्रम निर्माण ,फ्रन्टियर तालिम तथा अनुसन्धान प्रा. लि | अर्जुनधारा | ३००००० |
| जम्मा | | | १३३९८९९५ |

| ख | थप स्वीकृत कार्यक्रमहरु | | |
|---|---|---|---|
| क्र.स. | कार्यक्रम/ योजना/ क्रियाकलापको विवरण | वडा नं | रकम |
| १ | पाथिभरा केरियर नदिजन्य सामाग्रीको रकम फिर्ता | | ४८१००० |
| २ | राजश्व शाखा सञ्चालन सम्बन्धि प्रशासनिक खर्च | | ७५००० |
| ३ | सरसफाई सेवा शुल्क संकलन कार्यक्रम | | १५०००० |
| ४ | व्यवसाय दर्ता तथा अनुगमन, नविकरण | | १५०००० |
| ५ | अनुगमन मुल्याङ्कन थप (प्रशासनिक खर्च थप) | | १०००००० |
| ६ | नगर खेलकुद बिकास समितिबाट स्वीकृत हुने कार्यक्रमका लागि थप | | ४००००० |
| ७ | शंकराचार्य पिठ साधुटारको डिपिआर निर्माण | १ | ३००००० |
| ८ | मुना खत्रीको घर पश्चिम नेते खोलामा तटबन्धन | १ | १७००००० |
| ९ | माटे पैनी निर्माण | १ | ५००००० |
| १० | टेकमान रंगशाला निर्माण | १ | २००००० |
| ११ | कल्पना राणा मगरको घर पुर्वा टाङटिङ्ग खोला तटबन्धन | २ | १७००००० |
| १२ | गुन्द्रुके जाने बाटो स्तरोन्नती | २ | ५००००० |
| १३ | दाहालटारमा नाला निर्माण | २ | ५००००० |
| १४ | जनता मा.वि. रंगरोगन तथा खेलमैदान व्यवस्थापन | ३ | १०००००० |
| १५ | आइतवारे बजार व्यवस्थापन | ३ | २४००००० |
| १६ | नवदुर्गा आधारभुत विद्यालय मा भौतिक पूर्वाधार निर्माण | ४ | ३७०००० |
| १७ | दैवी प्रकोप भवन निर्माण | ४ | ४००००० |
| १८ | किरात मन्दिर जाने बाटो खहरे खोल्सीमा कल्भर्ट निर्माण | ४ | ५००००० |
| १९ | मिलडाँडा पश्चिम अधुरो कालोपत्रे सडकबाट पदम बिष्टको घर हुदै लक्ष्मी मार्ग जोड्ने सडक स्तरोन्नती | ४ | १८००००० |
| २० | पानिकल सामुदायिक भवनमा शौचालय निर्माण | ५ | २६०००० |
| २१ | पानिकल गुम्बा पश्चिम पुरानो तटबन्धन संगै तटबन्धन | ५ | १७००००० |
| २२ | लक्ष्मी मावि ट्रस्ट लगाउन | ६ | ६००००० |
| २३ | प्रणामी मन्दिरमा शौचालय निर्माण | ६ | ५००००० |
| २४ | माहानन्द चोक सौन्दर्यकरण | ६ | २०००००० |
| २५ | बिपन्न नागरिक सुरक्षा आवास | ७ | १२००००० |
| २६ | खेलमैदान व्यवस्थापन | ७ | १००००० |
| २७ | फुलमति बाटिका निर्माण | ७ | २००००० |

| | | | |
|---|---|---|---|
| २८ | मिलडाँडामा बुद्धको मुर्ति स्थापाना | ७ | ४००००० |
| २९ | चौरासे बिगे पैनी तटबन्धन | ७ | १०००००० |
| ३० | ज्येष्ठ नागरिक सामुदायिक मिलन समाज | ८ | २००००० |
| ३१ | कदम गाछी चोकमुनी बेदु प्रसाईको घरदेखी पन्तको घर जाने बाटोमा प्लम निर्माण | ८ | ८००००० |
| ३२ | शनिश्चरे बजारमा शौचालय अगाडी पेवर्स | ८ | २५००००० |
| ३३ | बालज्योती प्रा वि उत्तर खरबन्दी चोक ग्रावेल | ९ | १०००००० |
| ३४ | ख्याम बस्नेतको घरबाट शिशिर भुजेलको घरसम्म ग्रावेल लगाउने | १० | ९६४००० |
| ३५ | कालिस्थान दक्षिण जुपिटर स्कुल जाने बाटो ग्रावेल नाला तथा कल्भर्ट निर्माण | १० | १२००००० |
| ३६ | जलकन्या सन्त तामाङगको घर अगाडी प्लम निर्माण | १० | ८००००० |
| ३७ | मिलडाँडा दक्षिण प्रगति टोल जाने बाटो स्तरोन्नती | ११ | १२००००० |
| ३८ | लुङ्गा चोक कालोपत्रे | ११ | १८००००० |
| ३९ | खुदुनाबारी गोल्डकप सञ्चालन | ३ | १५१००० |
| **जम्मा** | | | ३२७५०००० |
| **कुल जम्मा** | | | ४६१४८९९५ |

**प्रस्ताव नं ६ भेरिएसन अर्डर स्वीकृत सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** अर्जुनधारा नगरपालिका वडा नं ६ मा पर्ने महानन्द चौक लक्ष्मीपुर सडक खण्ड नाला निर्माणका लागि नगर कार्यपालिकाको कार्यालयबाट ठेक्का बन्दोवस्त भई ठेक्का नं **AM/NCB/WORKS/12-080/081** मा ठेक्का बन्दोवस्त हुँदा तोकिएको नाला निर्माण सम्बन्धि कार्यलाई विस्तार गरी अर्जुनधारा नगरपालिकाको वडा नं ६ र ९ को सिमाना सम्म पुर्याउनुपर्ने भएको हुँदा योजना विस्तार हुँदा थप हुने परिमाणका लागि उक्त कार्यको भेरिएसन अर्डर स्वीकृतिका लागि पेश भएको ।

**निर्णयको व्यहोराः** पेश भए बमोजिमको भेरिएसन अर्डर स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७ हेभी इक्विपमेन्ट सञ्चालन अनुमति सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/ ०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत अर्जुनधारा नगरपालिका वडा नं १ मा पर्ने ठुलो नेते खोलामा तटबन्धन सम्बन्धि कार्यका लागि कार्यालयको ठेक्का नं AM/NCB/WORKS/ 01/081/082 Construction of Embankment and Gabion Works at Thulonete River, Arjundhara-1 अनुसार ठेक्का बन्दोवस्त भई सम्बन्धित निर्माण व्यवसायीसँग ठेक्का सम्झौता भएकोमा उक्त कार्यका लागि ठुलो नेते खोलाको सालबन्दी लट्टेखर्क सक्रिय टोल छेउमा पर्ने आयोजना स्थलमा नदीजन्य पदार्थ सोरेर बाँध बनाउने कार्यका लागि हेभी मेसिनरी इक्विपमेन्ट सञ्चालन अनुमतिका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः** प्रस्तावमा पेश भए बमोजिमको स्थानमा सम्बन्धित तटबन्धन सम्बन्धि आयोजना सञ्चालनका लागि सोही स्थानको नदीजन्य सामाग्री सोरेर तटबन्धन गर्न आवश्यकता बमोजिम हेभी मेसिनरी इक्विममेन्ट सञ्चालनका लागि नगर कार्यपालिकाको कार्यालयबाट अवधि तोकी अनुमति दिने सर्वसम्मतिले निर्णय गरियो ।साथै, यस नगरपालिकाबाट स्वीकृत भएका अन्य आयोजनाहरुमा समेत हेभी मेसिनरी उपकरण सञ्चालन गर्नुपर्ने भनी प्राविधिकबाट सिफारिस भई आएमा नगर प्रमुखस्तरीय निर्णय बमोजिम अनुमति दिने निर्णय गरियो ।

**प्रस्ताव नं ८ लागत साझेदारीको प्रतिबद्धता सम्बन्धमा ।**

**प्रस्तावको व्यहोरा:** अर्जुनधारा नगरपालिका वडा नं ६ मा रहेको बबुराइज सामुदायिक भवनले स्थानीय स्तरमा धार्मिक तथा सामुदायिक कार्यका लागि सेवा सुविधा पुर्याउँदै आएकोमा उक्त सामुदायिक भवनको सेवा विस्तार तथा स्तरोन्नतिका गरी एउटा सामुदायिक भवन निर्माण गर्नु आवश्यक भई भवन निर्माणका लागि लाग्ने अनुमानित कुल लागत रकम रु ३,१३,४२,११०/- (तीन करोड तेह्र लाख बयालिस हजार एक सय दश मात्र) मा नगरपालिकाको तर्फबाट समेत लागत साझेदारी गरिदिनका लागि अनुरोध भई सो विषय छलफलका लागि प्रस्ताव भएको ।

**निर्णयको व्यहोरा:** यस प्रस्तावमा छलफल गर्दा अर्जुनधारा नगरपालिका वडा नं ६ मा रहेको बबुराइज सामुदायिक भवनले स्थानीय स्तरमा सामुदायिक सार्वजनिक कार्यका लागि सेवा उपलब्ध गराउँदै आएको र त्यस क्षेत्रमा अन्य सामुदायिक भवन समेत नरहेकाले उक्त क्षेत्रमा सामुदायिक भवन निर्माण गर्नु अति आवश्यक समेत भएको हुँदा उक्त बबुराइज सामुदायिक भवन निर्माणका लागि लाग्ने कुल लागतको १० प्रतिशतले हुने रकम यस नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने प्रतिबद्धता सहित भवन निर्माणका लागि आवश्यक पर्ने थप रकम अनुदान तथा सहयोगका लागि सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**प्रस्ताव नं ८ बजेट विनियोजन/ आर्थिक सहयोग/ विविध ।**

**प्रस्तावको व्यहोराः** अर्जुनधारा नगरपालिका वडा नं ७ को कार्यालयको च.नं. ४२१ मिति २०८१/०६/१६ गतेको पत्रबाट अर्जुनधारा नगरपालिका वडा नं ७ बस्ने रमेशकुमार दर्जीको नाती सागर त्रिखत्रीलाई ट्रमाटिक ब्रेन इन्ज्युरी प्रमाणित भई हाल बिएण्डसि अस्पताल विर्तामोडमा उपचाररत रहेको र निजको पारिवारिक आर्थिक अवस्था अत्यन्तै कमजोर भएकाले नगरपालिकाबाट स्वास्थोपचारका लागि आर्थिक सहयोग उपलब्ध गराइदिन सिफारिस भई छलफलका लागि पेश भएको ।

अर्जुनधारा नगरपालिका वडा नं ७ को कार्यालयको च.नं. ५१५ मिति २०८१/०७/१२ गतेको पत्रबाट अर्जुनधारा नगरपालिका वडा नं ७ र ८ को बिचमा पर्ने बाह्रदशी खोलामा भर्खरै निर्माण सम्पन्न भएको पुल उत्तर पश्चिम किनारामा सो खोलामा आउने बाढी पसी घर डुबान तथा कटान हुने गरेकाले डुबान तथा कटान नियन्त्रणका लागि प्लम्बवाल निर्माण गर्नका लागि आवश्यक व्यवस्थाका लागि सिफारिस भई छलफलका लागि पेश भएको ।

अर्जुनधारा नगरपालिका वडा नं १० मा रहेको चर्चले उक्त चर्चको मर्मत सम्भार गर्नका लागि सहयोग उपलब्ध गराइदिनका लागि चर्च समितिबाट निवेदन तथा सम्बन्धित १० नं वडा कार्यालयबाट बजेट व्यवस्थाका लागि सिफारिस भई छलफलका लागि पेश भएको ।

अर्जुनधारा नगरपालिका वडा नं १० मा रहेको मनासलु युवा क्लबले दशैं तिहार छठ लगायतका पर्वको अवसरमा साँस्कृतिक कार्यक्रम सञ्चालनका लागि नगरपालिकाको तर्फबाट सहयोग गरिदिनका लागि अनुरोध भई आएको विषय छलफलका लागि पेश भएको ।

**निर्णयको व्यहोराः** उल्लेखित सिफारिस पत्र उपर छलफल गरी प्रस्तावमा उल्लेखित कार्यका लागि यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत देहाय बमोजिमको शीर्षकबाट खर्च लेख्ने गरी देहाय बमोजिमको आर्थिक सहायता तथा बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**देहायः**

| सि.नं. | आयोजना/ क्रियाकलाप | रकम (रु) | खर्च लेख्ने शीर्षक |
|---|---|---|---|
| १ | सागर त्रिखत्री औषधोपचार सहयोग | ५००००/- | नगर प्रमुख प्रस्तावनामा आधारित कार्यक्रम |
| २ | बाह्रदशी खोलामा नदी नियन्त्रणका लागि प्लम्ब वाल निर्माण | ३०००००/- | विपद् व्यवस्थापन कोष |
| ३ | मनासलु युवा क्लब साँस्कृतिक कार्यक्रम सञ्चालन सहयोग | १०००००/- | भाषा कला साहित्य प्रवर्द्धन कार्यक्रम |
| ४ | कालिझोडा चर्चमा सिलिङ्ग लगाउने कार्य | १०००००/- | संघसंस्था प्रवर्द्धन कार्यक्रम |

**प्रस्ताव नं ९ उत्खनन अनुमति सम्बन्धमा ।**

**प्रस्तावको व्यहोराः** यस अर्जुनधारा नगरपालिकामा रहेको नदीहरुबाट नगरपालिकाबाट स्वीकृत आइइइ प्रतिवेदन बमोजिमको नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलनका लागि ठेक्का बन्दोवस्त भई सम्झौता भएका ठेकेदारहरु भिन्टेज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.ले मिति २०८१/ ०६/ १५ गते र विनिताश्री कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ले मिति २०८१/ ०६/ ०९ गते नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलनका लागि हेभी मेसिनरी उपकरण सञ्चालनका लागि अनुमति माग गरी पेश गरेको निवेदन छलफलका लागि बैठकमा पेश भएको ।

**निर्णयको व्यहोराः** यस प्रस्तावमा छलफल गर्दा यस अर्जुनधारा नगरपालिकाबाट चालु आर्थिक वर्ष २०८१/ ०८२ का लागि नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलनका लागि ठेक्का दिइएका निर्माण व्यवसायी (फर्म) हरुलाई यस कार्यालय र फर्मबिच भएको सम्झौता बमोजिमको परिमाण तथा अन्य शर्तहरुमा फरक नपर्ने गरी हेभी मेसिनरी उपकरण सञ्चालनका लागि अनुमति दिने निर्णय गरियो ।